| | | | | |
|---|---|---|---|---|
| कुल जम्मा | १२५०० | ० | ० | १२५०० |

# बर्जु गाउँपालिकाको आर्थिक ऐन २०७५

बर्जु गाउँपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना: बर्जु गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्वन्धि प्रस्तावलार्य कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २८८ को उप धारा (२) बमोजिम बर्जु गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिपतनाम र प्रारम्भ :** यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ। यो ऐन २०७५ साल श्रावण १ गतृ देखी बर्जु गाउँपालिका क्षेत्रमा लागु हुने छ।

२. **सम्पति कर :** गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पत्ति कर /घर जग्गा कर लगाइने र असुल उपर गरिने छ।

३. **भूमिकर (मालपोत) :** गाउँपालिका क्षेत्र भित्र बाँकी वक्योता रहेका मालपोत २०७४।७५ को दर रेट बमोजिम भूमिकर (मालपोत) असुल उपर गरिने छ।

४. **घरबहाल कर :** गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ती वा संसथाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुशुचि ( ) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिने छ ।

५. **व्यावसाय कर :** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका अधारमा अनुसुची २ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

६. **जडिबुटि, कवाडी र जीवजन्तु कर:** गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटि, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अनय मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता व्यवसायिक कारोवार गरे वापत अनुसुचि ( ) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ।

७. **सवारीसाधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारीसाधनमा अनुसूचि (३) वमोजिम सवारीसाधन कर लगाइने र असुलउपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) वमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

९. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन,व्यवसाय सेवामा अनुशुची (५) वँमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

१०. **वहाल विटौरी शुल्क :** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण,रेखदेख वा संचालन गरेका अनुशुची ६ मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुशुची मा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिने छ।

११. **पार्किङ्ग शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधन लाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुशुची ( ) मा पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिने छ ।

१२. **ट्रेकिङ्ग,कोयाकिड,क्यानाईङ्ग रयाफिटङ्ग शुल्क** गाउँपालिका ले आफनो ट्रेकिङ्ग,कोयाकिड,क्यानाईङ्ग रयाफिटङ्ग सेवा वा व्यवसाय संचालन गरेवापतअनुशुची ( ) वमोजिम को शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३. **सेवाशुल्क र दस्तुर :** गाउँपालिका ले निर्माण,संचालन,वा व्यवस्थापन गरेका अनुशुची ७ र १० मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राही वाट सोही अनुशुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

१४ **.पर्यटन शुल्क :** गाउँपालिका ले बर्जु ताल र अन्य पर्यटकिय क्षेत्रभि त्र प्रवेश गर्ने पर्यटकहरु वाट अनुशुची (८) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

१५. **हाटवजार पसल कर :** वर्जु गाउपालिका भित्र लाग्ने दैनिक वा साप्ताहिक हाटवजारमा अनुशुची (९) वमोजिम कर असुल लगाईने छ । ठेक्का कवोलको न्यूनतम अंक बर्जु गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक ताल पोखरी र हाट वजारको अनुशुची (११) वमोजिम न्यूनतम ठेक्का अंक कायम गरिएको छ ।

१६ **कर छुट :** यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिका ले तोके अनुसार हुने छ साथै यसमा उल्लेख हुन नसकेको कर दस्तुर शुल्क कार्यपालिका को निर्णय वमोजिम हुने छ ।